**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ जुन २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले साइप्रससँग आर्थिक सम्बन्ध बलियो बनाउने भारतको प्रतिबद्धतामा जोड दिनु भएको छ। उहाँले भन्नु भयो, साइप्रस भारतमा लगानीको एक महत्वपूर्ण स्रोत हो र धेरै भारतीय कम्पनीहरूले यसलाई युरोपको प्रवेशद्वार मान्छन्।

२. गृहमन्त्री अमित शाहले हिजो नयाँ दिल्लीमा केन्द्रीय गृह सचिव र अन्य वरिष्ठ अधिकारीहरूसँग जनगणनाको तयारीको समीक्षा गर्नुभयो।

३. उप राष्ट्रपति जगदीप धनखड तीन दिने औपचारिक भ्रमणमा पुडुचेरी पुग्नु भएको छ।

४. पश्चिम एसियामा तनावलाई ध्यानमा राख्दै इजरायलस्थित भारतीय दूतावासले भारतीय समुदायका मानिसहरूका लागि परामर्शहरू जारी गरेको छ।

५. मौसम विभागले देशको पश्चिमी तटमा भारीदेखि अति भारी वर्षाको गम्भीर चेतावनी जारी गरेको छ।

**पीएम-बिजनेस राउण्ड टेबल**

प्रधानमन्त्री नरेन्द्र मोदीले साइप्रससँग आर्थिक सम्बन्ध बलियो बनाउने भारतको प्रतिबद्धतामा जोड दिनु भएको छ। साइप्रस भ्रमणको क्रममा व्यापार परामर्शलाई सम्बोधन गर्नु हुँदै श्री मोदीले २३ वर्षमा भारतीय प्रधानमन्त्रीको साइप्रसको पहिलो भ्रमण र व्यापारिक समुदायसँगको उहाँको अन्तरक्रियाले भारतको लागि साइप्रससँगको आर्थिक सम्बन्धको महत्त्व झल्काउँछ भन्नु भयो। उहाँले भन्नु भयो, साइप्रस लामो समयदेखि एक विश्वसनीय साझेदार रहेको छ। साइप्रस भारतमा लगानीको एक महत्वपूर्ण स्रोत हो र धेरै भारतीय कम्पनीहरूले यसलाई युरोपको प्रवेशद्वार मान्छन्। उहाँले भन्नु भयो, दुई देशहरूबीचको हालको द्विपक्षीय व्यापार १५ करोड डलर छ, तर वास्तविक सम्भावना धेरै बढी छ।

प्रधानमन्त्रीले भन्नु भयो, भारतले समुद्री र बन्दरगाह विकास, जहाज निर्माण जस्ता क्षेत्रहरूमा विशेष ध्यान दिइरहेको छ र तिनीहरूलाई प्रवर्द्धन गर्न नयाँ नीतिहरू लागू गरिरहेको छ। श्री मोदीले भन्नु भयो, भारतको नागरिक उड्डयन क्षेत्र द्रुत गतिमा बढिरहेको छ। प्रधानमन्त्रीले आधारभूत सुधारहरूमार्फत भारतमा भइरहेका परिवर्तनहरूको उल्लेख गर्नु भयो। उहाँले भन्नु भयो, एक राष्ट्र-एक करको अवधारणा अन्तर्गत, वस्तु तथा सेवा कर (GST) लागू गरिएको छ, कर्पोरेट कर दरहरूलाई तर्कसंगत बनाइएको छ र धेरै पुरातन कानूनहरू हटाइएको छ।

**बाइट**

प्रधानमन्त्रीले भन्नु भयो, विगत दश वर्षमा भारतले डिजिटल क्रान्ति देखेको छ र वित्तीय समावेशीकरण विश्वव्यापी उदाहरण बनेको छ।

**बाइट**

श्री मोदीले भविष्यमा वृद्धिलाई तीव्र पार्ने उपायहरू पनि उल्लेख गर्नु भयो। उहाँले भन्नु भयो, आर्टिफिशियल इंटेलिजेंस मिशन, क्वान्टम, सेमीकन्डक्टर, क्रिटिकल मिनरल्स र परमाणु ऊर्जा मिसनहरू जारी छन्। उहाँले गुजरातको गिफ्ट सिटीमा साइप्रस स्टक

एक्सचेन्ज र नेशनल स्टक एक्सचेन्ज अफ इन्डियाबीच भएको समझदारी पत्रमा हस्ताक्षरको प्रशंसा गर्नु भयो र यसलाई सीमापार वित्तीय सहयोगतर्फको महत्त्वपूर्ण कदम भन्नु भएको छ।

प्रधानमन्त्रीले भन्नुभयो, भारतले भविष्यको पूर्वाधार विकासमा सय अर्ब डलरभन्दा बढी लगानी गरिरहेको छ र विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिशामा द्रुत गतिमा अघि बढिरहेको छ। श्री मोदीले भन्नुभयो, आज भारत स्पष्ट नीति योजनासहितको सबैभन्दा द्रुत गतिमा बढ्दो विश्वव्यापी अर्थतन्त्रहरूमध्ये एक हो। प्रधानमन्त्रीले भारत-साइप्रस-ग्रीस व्यापार तथा लगानी परिषद्को स्थापनालाई स्वागत गर्नुभयो र यसलाई बलियो आर्थिक सहयोगतर्फको महत्त्वपूर्ण पहलको रूपमा व्याख्या गर्नुभयो।

**गृहमन्त्री-जनगणना**

गृहमन्त्री अमित शाहले हिजो नयाँ दिल्लीमा केन्द्रीय गृह सचिव र अन्य वरिष्ठ अधिकारीहरूसँग जनगणनाको तयारीको समीक्षा गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री शाहले जनगणनाको गजट अधिसूचना आज जारी गरिने बताउनु भएको छ। पहिलो पटक यो जनगणनामा जात गणना पनि समावेश हुनेछ। गृहमन्त्रीले ३४ लाख कम्प्युटर र पर्यवेक्षक र लगभग एक लाख तीस हजार जनगणना कर्मचारीले अत्याधुनिक मोबाइल डिजिटल उपकरणहरू प्रयोग गरेर यो अभियान सञ्चालन गर्ने बताउनु भएको छ।जनगणना दुई चरणमा सम्पन्न हुनेछ। पहिलो चरणमा प्रत्येक घरको स्थान, सम्पत्ति र सुविधाहरूसँग सम्बन्धित जानकारी रेकर्ड गरिनेछ। दोस्रो चरणमा जनसंख्या गणना, जनसांख्यिकीय, सामाजिक-आर्थिक, सांस्कृतिक र प्रत्येक व्यक्तिसँग सम्बन्धित अन्य विवरणहरू रेकर्ड गरिनेछ। स्वचालित गणनाको व्यवस्था पनि उपलब्ध गराइनेछ। तथ्याङ्क सङ्कलन र भण्डारणको समयमा तथ्याङ्क सुरक्षा सुनिश्चित गर्न कडा उपायहरू अपनाइनेछ।

**धनखड़-पुडुचेरी**

उप राष्ट्रपति जगदीप धनखड तीन दिने औपचारिक भ्रमणमा पुडुचेरी पुग्नु हुनेछ। आज उपराष्ट्रपति JIPMER को APJ अब्दुल कलाम अडिटोरियममा 'राष्ट्र निर्माणमा वातावरणीय दिगोपना' शीर्षकको विशेष कार्यक्रममा प्रमुख अतिथि रहनु हुनेछ। यो कार्यक्रम साँझ ४ बजेदेखि ५ बजेसम्म आयोजना हुनेछ र यसको उद्देश्य दिगो विकासको बारेमा संवाद र जागरूकता प्रवर्द्धन गर्नु हो। उप राष्ट्रपति धनखड JIPMER का विद्यार्थी, संकाय र कर्मचारीहरूसँग अन्तरक्रियात्मक सत्रमा पनि संलग्न हुनेछन्, जसले राष्ट्रिय महत्वका विषयहरूमा शैक्षिक समुदायसँग संलग्न हुने आफ्नो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्नेछ। कार्यक्रमको प्रमुख आकर्षण "एक पेड माँ के नाम" अभियान अन्तर्गत उप राष्ट्रपतिद्वारा बिरुवा रोपण गर्नु हुनेछ। विश्व पर्यावरण दिवसमा प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा सुरु गरिएको यो अभियानले मातृत्वलाई श्रद्धाञ्जली दिँदै वातावरणीय जागरूकतालाई बढावा दिन्छ। उपराष्ट्रपतिकी आमा केसरी देवीको नाममा बिरुवा रोपिनेछ। मंगलबार, पोन्डिचेरी विश्वविद्यालयको कुलपतिको हैसियतमा, उपराष्ट्रपति धनखडले बिहान १० बजे विश्वविद्यालयको भ्रमण गर्नुहुनेछ। उहाँले डा. बी.आर. अम्बेडकर प्रशासनिक भवनभित्र रहेको जवाहरलाल नेहरू अडिटोरियममा आयोजित एक सत्रमा संकाय, विद्यार्थी र प्रशासनिक कर्मचारीहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। दुवै संस्थाहरू - JIPMER र पोन्डिचेरी विश्वविद्यालय - उच्चस्तरीय व्यवस्था र विद्यार्थी र संकाय समुदायको उत्साहजनक सहभागिताका साथ उप राष्ट्रपतिलाई स्वागत गर्न तयारी गरिरहेका छन्।

**आईडब्ल्यूएआई-पटना**

भारतीय आन्तरिक जलमार्ग प्राधिकरणले आज पटनामा 'जल मार्ग विकास परियोजना' अन्तर्गत राष्ट्रिय जलमार्ग १ मा आन्तरिक जलमार्ग यातायातको विकास सम्बन्धी आफ्नो किसिमको पहिलो 'परामर्श कार्यशाला' आयोजना गर्ने भएको छ। बिहारमा यस्तो कार्यशाला आयोजना हुने यो पहिलो पटक हो। यो उच्चस्तरीय अन्तर-मन्त्रीस्तरीय संवाद पूर्वी भारतमा आन्तरिक जलमार्ग नीतिलाई आकार दिने एउटा प्रमुख कदम हो। केन्द्रीय बन्दरगाह, जहाजरानी र जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले केन्द्रीय कपडा मन्त्री गिरिराज सिंह, बन्दरगाह, जहाजरानी र जलमार्ग राज्यमन्त्री शान्तनु ठाकुर, बिहार मन्त्री विजय चौधरी र शीला कुमारी र उत्तर प्रदेश यातायात मन्त्री दयाशंकर सिंहसँगै मन्त्रीस्तरीय कार्यशालाको अध्यक्षता गर्नेछन्।

**विदेश मन्त्रालय-इजरायल परामर्श**

पश्चिम एसियामा तनावलाई ध्यानमा राख्दै इजरायलस्थित भारतीय दूतावासले भारतीय समुदायका मानिसहरूका लागि परामर्शहरू जारी गरेको छ। दूतावासको सामाजिक सञ्जाल पोस्ट अनुसार, तेल अभिभस्थित भारतीय दूतावास भारतीय प्रवासीहरूसँग निरन्तर सम्पर्कमा छ। यसमा स्वास्थ्यकर्मी, कामदार, विद्यार्थी, व्यवसायी र पर्यटकहरू समावेश छन्। उनीहरूको सुरक्षाको लागि सबै आवश्यक उपायहरू अपनाइँदैछ। इजरायली अधिकारीहरूसँग परिस्थितिलाई नजिकबाट निगरानी गरिँदैछ र भारतीयहरूलाई नियमित रूपमा सम्पर्क गरिँदैछ।आपतकालीन सम्पर्कको लागि टेलिफोन नम्बरहरू हुन्- 972 54 7520711 र 972 54 3278392 अनि इमेल ठेगाना हो- cons1.telaviv@mea.gov.in

**इरान-इजरायल संघर्ष**

इरान र इजरायल बीचको युद्ध चौथो दिनमा प्रवेश गरेको छ। यसैबीच, पश्चिम एसियाका ठूला भागहरूमा युध्द फैलिनबाट रोक्न अन्तर्राष्ट्रिय स्तरमा कूटनीतिक प्रयासहरू पूर्ण रूपमा तीव्र गतिमा जारी छन्। जारी सैन्य कारबाहीहरूले अहिलेसम्म दर्जनौं मानिसहरूको मृत्यु भएको छ र ठूलो विनाश निम्त्याएको छ। यसको साथै, यो संकटलाई सीमित गर्न विश्वका महाशक्तिहरू र क्षेत्रीय सरोकारवालाहरू बीच जटिल वार्ताहरू भइरहेका छन्।इरानले इजरायली शहरहरूमा क्षेप्यास्त्र आक्रमण सुरु गरेको छ, जसमा हाइफामा रकेटहरू खसेका छन् र कम्तिमा १५ जना घाइते भएका छन्, इजरायलको राष्ट्रिय आपतकालीन सेवाले जनाएको छ। तेहरानका बासिन्दाहरूले शहरमा विस्फोट भएको रिपोर्ट गरेपछि आक्रमणहरू सुरु भएका थिए। इरानी अधिकारीहरूले शहरको उत्तरी भागमा नियावरन र ताजरिशसँगै केन्द्रीय भलियासर र हाफ्ट तिर स्क्वायरहरूमा र वरपर क्षेप्यास्त्र आक्रमणहरू पुष्टि गरे।

**इरानको विदेश मन्त्रालय**

तेहरानस्थित भारतीय दूतावासले इरानमा बसोबास गर्ने भारतीय विद्यार्थीहरूको सुरक्षा अवस्थाको निरन्तर निगरानी गरिरहेको छ। विदेश मन्त्रालयले दूतावासको सहयोगमा विद्यार्थीहरूलाई इरानको सुरक्षित स्थानहरूमा सारिएको बताएको छ। यसका साथै अन्य व्यावहारिक विकल्पहरू पनि विचार गरिँदैछ। भारतीयहरूको सुरक्षाको लागि दूतावास समुदायका नेताहरूसँग पनि सम्पर्कमा छ।

**विदेश मन्त्रालय सुरिनाम**

लघु र मध्यम उद्योगहरूको विकासका लागि उपकरण आपूर्ति पहल अन्तर्गत भारतले खाद्य प्रशोधन मेसिनरीको दोस्रो तथा अन्तिम खेप सुरिनाम पठाएको छ। यसको उद्देश्य सुरिनामका लघु र मध्यम उद्योगहरू र किसानहरूको आय बढाउनु रहेको विदेश मन्त्रालयले सामाजिक सञ्जाल पोस्टमा भनेको छ। यो परियोजनाले भारत-सुरिनाम द्विपक्षीय सम्बन्धलाई बलियो बनाउनेछ।

**तेलको मूल्य - एसियाली बजार**

इजरायल र इरानबीचको युद्ध बढेपछि एसियाली व्यापारको सुरुवातमा विश्वव्यापी तेलको मूल्य बढेको छ। बढ्दो तनावले व्यापक क्षेत्रीय द्वन्द्वको चिन्ता बढाएको छ जसले तेल निर्यातलाई व्यापक रूपमा बाधा पुर्‍याउने सम्भावना छ।ब्रेन्ट कच्चा तेलको मूल्य २.३ प्रतिशतले बढेर 75 डॉलर 93 सेन्ट प्रति बैरल पुगेको छ। अर्कोतर्फ, अमेरिकी वेस्ट टेक्सास इन्टरमिडिएट कच्चा तेलको मूल्य २.२ प्रतिशतले बढेर प्रति ब्यारेल ७४ डलर ६० सेन्ट पुगेको छ। यो वृद्धि शुक्रबार तेलको मूल्यमा भएको ७ प्रतिशतको वृद्धिभन्दा माथि हो।

**मौसम**

मौसम विभागले देशको पश्चिमी तटमा भारीदेखि अति भारी वर्षाको गम्भीर चेतावनी जारी गरेको छ। मौसम विभागका वरिष्ठ वैज्ञानिक आर.के. जेनामानीले आकाशवाणी समाचारलाई बताउनु भए अनुसार दिल्ली, हरियाणा, पञ्जाब र गुजरातमा आगामी दुई दिनसम्म तेज हावा चल्नेछ र मेघगर्जनसहित वर्षा हुने सम्भावना छ।

बाइट